**आकाशवाणी**

March **11**th, 2025 Tuesday

**प्रमुख समाचार:**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज मॉरीशसमा भारतीय समुदाय द्वारा न्यानो स्वागत जनाएकोमा आभार प्रकट गर्नु भएको छ। उहाँले र मॉरीशसमा प्रपधानमन्त्री डॉ नवीनचन्द्र रामगुलामले एक पेड़ माँ के नाम अन्तर्गत वृक्षारोपण गर्नुभयो।
- राष्ट्रपति द्रौपदी मुर्मूले पंजाबको बठिण्डा आज अखिल भारतीय आयुर्विज्ञान संस्थानको प्रथम दीक्षान्त समारोहमा स्वस्थ्य समाजको निर्माणमा डॉक्टर र शोधकर्ताहरूको ठूलो भूमिका भएको भन्नुभएको छ।
- केन्द्रिय गृहमन्त्री अमित शाहले पूर्वोत्तरका छात्रहरूलाई आफ्नै क्षेत्रमा रोजगारका अवसरहरू प्राप्त हुनेछन्, भन्नुभएको छ।
- राष्ट्रीय कृषि तथा ग्रामीण विकास बैंक नाबार्ड द्वारा राज्य ऋण संगोष्ठी 2025-26 सिक्किम क्षेत्रिय कार्यलयद्वारा आज राजधानी गान्तोकमा राज्य ऋण संगोष्ठी 2025-26 आयोजना गरियो।
- महिला प्रीमियर लीग क्रिकेटको अन्तिम लीग मॉचमा मुम्बई इण्डियनको मुकाबला रोयल च्यालेजर्स बेंगालुरू सित भई रहेको छ।

**<u>राष्ट्रपति- चण्डीगढ़</u>**

राष्ट्रपति श्रीमति द्रौपदी मुर्मू भोलि चण्डीगढ़मा पंजाब विश्वविद्यालयको बहत्तरौं वार्षिक दीक्षान्त समारोहमा मुख्य अतिथिको तवरमा सामेल हुनुहुनेछ।उहाँले विद्यार्थीहरूलाई डिग्री र पदक प्रदान गर्नुहुनेछ तथा छात्रहरू, शिक्षकगण अनि उपस्थित सबैजनालाई सम्बोधित गर्नुहुनेछ। पंजाब विश्ववद्यालयकी कुलपति प्रो. रेणु विगले पंजाब विश्ववद्यालय दीक्षान्त समारोहको विभिन्न सोशल मीडिया प्लेटफॉर्ममा लाइभ स्ट्रिमिङ गरिनेछ भन्नुभयो। लिगंक भोलि साझा गरिनेछ।

**प्रधानमन्त्री –मॉरीशस यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मॉरीशसको पैम्पलेमसेसमा सर शिवसागर रामगुलाम वनस्पति उद्यानमा मॉरीशसका पूर्व प्रधानमन्त्री सर शिवसागर रामगुलामलाई श्रद्धान्जली अर्पित गर्नुभयो। प्रधानमन्त्री मोदीले सोसियल मिडिया पोस्टमा मॉरीशसको प्रगतिमा दुवै नेताहरूको स्थायी विरासत अनि भारत मॉरीशस संबधहरूलाई प्रगाढ़ बनाउनमा उनीहरूको भूमिकलाई थाह गर्नुभयो। पुष्पांजली समारोह पछी श्री मोदी र मॉरीशसका प्रधानमन्त्री डॉ नवीनचन्द्र रामगुलामले एउटा उद्यानमा एक पेड़ माँ के नाम पहल अन्तर्गत वृक्षा रोपण गर्नुभयो। श्री मोदीले यस पहलमा डॉ नवीन रामगुलामको सहभागिताका लागि आभार प्रकट गर्नुभयो अनि यसले प्रकृति मातृत्व अनि स्थिरतालाई सम्मानित गर्छ भन्नुभयो। यस अघि प्रधानमन्त्री नरेन्द्र मोदीले आज मॉरीशसमा भारतीय समुदाय द्वारा न्यानो स्वागत जनाएको प्रति आभार प्रकट गर्नुभयो।

**<u>नड्डा –डे केयर</u>**

केन्द्र सरकारले अघिल्लो तीन वर्षमा देशका प्रत्येक जिल्लामा डे केयर कैसर सेन्टर खोल्नेछ। आज राज्यसभामा एक पुरक प्रश्नको जवाफ दिँदै केन्द्रिय स्वास्थ्य मंत्री जि पि नड्डाले 2025-26 मा दुई सय डे केयर सेन्टर खोलिनेछन, भन्नुभयो। उहाँले भन्नुभयो सरकार राष्ट्रीय स्वास्थ्य मिशन अंतर्गत सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न काम गरि रहेकोछ।

**<u>गृह मन्त्री –पूर्वोत्तर</u>**

केन्द्रिय गृहमन्त्री अमित शाहले पूर्वोत्तरका छात्रहरूलई कामका लागि आफ्नो क्षेत्रबाट बाहिर जाने खाँचो पर्ने छैन, भन्नुभएको छ। उनीहरूलाई आफ्नै क्षेत्रमा रोजगारका अवसरहरू प्राप्त हुनेछन्। श्री शाहले आज नयाँ दिल्लीमा Students Experience in Interstate living (SETL) द्वारा आयोजित युवा संसदमा पूर्वोत्तरका छात्रहरूलाई सम्बोधित गर्दै सो कुरा भन्नुभयो।

श्री शाहले भन्नुभयो Vibrant Village कार्यक्रममा 480 करोड़ रूपियाँ खर्च गरिएको छ जसको विशेष लाभ अरूणाचल प्रदेशलाई प्राप्त हुनेछ। उहाँले भन्नुभयो, ब्रह्मपुत्रमा भारतको सबभन्दा लामो रेल –सह- सड़क पुल बनाउने योजना बनाइरहेछ। असम र बीच पनि रेल-लाईन बनाइन्दैछ। भाजपा सरकार अन्तर्त नै सिक्किममा जैविक कृषि शुरू गरिएको हो उहाँले भन्नुभयो।

NABARD

राष्ट्रीय कृषि तथा ग्रामीण वीकाश बैंक NABARD द्वारा राज्य ऋण संगोस्ठी 2025-26, सिक्किम क्षेत्रीय कार्यालयद्वारा आज राजधानी गान्तोकमा राज्य ऋण संगोठी 2025-26 आयोजना गरियो। कार्यक्रममा मुख्य सचिव श्री आर तेलाङ प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने उहाँले राज्य फोकस पेपर 2025-26 पनि जारी गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य सचिव श्री तेलाङले NABARD ले ग्रामीण पूर्वाधार विकास कोष (RIDF) मार्फत ऋण उपलब्ध गराउने तथा कृषक उत्पादक संगठन (FPO) मार्फत विभिन्न परियोजनाहरूलाई समर्थन गर्ने बताउनुभयो। 31 डिसेम्बर, 2024 सम्म NABARD ले 1100 करोड रुपियाँभन्दा बढी ऋण स्वीकृत गरिसकेको छ, जस मध्ये 800 करोड रुपियाँ वितरण भइसकेको उहाँले जानकारी दिनुभयो। उहाले थप भन्नुभयो.. BYTE

NABARD ले कृषक, संयम सहायता समूह र स्थानीय संस्थाहरूसँगको साझेदारीलाई बलियो बनाउँदै आएको उल्लेख गर्दै, सिक्किममा कृषि र ग्रामीण विकासले आय असमानता न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो।

**क्रिकेट महिला प्रीमीयर लीग**

महिला प्रीमियर लीग क्रिकेटको अन्तिम लीग मैचमा अहिले साझ 7 30 मा मुम्बई इंडियन्सको सामना रोयल च्यालेन्जर्स बेङ्गालुरूसित शुरू भएको छ। मैच मुंबईको ब्रेबोर्न स्टेडियममा खेलिन्दैछ। मुम्बई यस पटक दिल्ली कैपिटल्स पछी दोस्रो स्थानमा छ। दुवै टीमहरू 10 अंकको बराबरीमा छन्। पछिल्लो विजेता बैंगलुरू र यू पी वॉरियर्स पहिले नै टुर्नामेन्टबाट बाहिरी सकेका छन्।

**रेल मंत्रीलय-भारतीय कुशती**

खेल मन्त्रालयले भातीय कुशती महासंघ माथि लगाइएको निलम्बनलाई हटाई दिएको छ। यस निर्णय पछी Jordan को Anmen मा आगामी एशियाली च्यामपियनशीपका लागि चयन ट्रायल समेत अन्य गतिविधिहरू फेरि थाल्ने मार्ग प्रशस्त हुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज मॉरीशसमा भारतीय समुदाय द्वारा न्यानो स्वागत जनाएकोमा आभार प्रकट गर्नु भएको छ। उहाँले र मॉरीशसमा प्रपधानमन्त्री डॉ नवीनचन्द्र रामगुलामले एक पेड़ माँ के नाम अन्तर्गत वृक्षारोपण गर्नुभयो।
- राष्ट्रपति द्रौपदी मुर्मूले पंजाबको बठिण्डा आज अखिल भारतीय आयुर्विज्ञान संस्थानको प्रथम दीक्षान्त समारोहमा स्वस्थ्य समाजको निर्माणमा डॉक्टर र शोधकर्ताहरूको ठूलो भूमिका भएको भन्नुभएको छ।
- केन्द्रिय गृहमन्त्री अमित शाहले पूर्वोत्तरका छात्रहरूलाई आफ्नै क्षेत्रमा रोजगारका अवसरहरू प्राप्त हुनेछन्, भन्नुभएको छ।
- राष्ट्रीय कृषि तथा ग्रामीण विकास बैंक नाबार्ड द्वारा राज्य ऋण संगोष्ठी 2025-26 सिक्किम क्षेत्रिय कार्यलयद्वारा आज राजधानी गान्तोकमा राज्य ऋण संगोष्ठी 2025-26 आयोजना गरियो।
- महिला प्रीमियर लीग क्रिकेटको अन्तिम लीग मॉचमा मुम्बई इण्डियनको मुकाबला रोयल च्यालेजर्स बेंगालुरू सित भई रहेको छ।